मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

अनियमित विद्युत कटौतीको विरोधमा प्रदर्शन




समाचार पृष्ठ ४ मा

● वर्ष २ ● अंक २४८ ● २०८१ साल श्रावण १२ गते शनिबार ● Saturday 27, July 2024 ● सूर्योदयः बिहान ५:२७ बजे ● सूर्यास्तः साँझ ६:५७ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

## जनकपुरमा जनमतको सचिवालय बैठक

### प्रदेश सरकार, राजनीतिक परिस्थिति र कार्यदिशामा छलफल





४८ दिनदेखि हाम्रो पार्टीले मधेश प्रदेश सरकारको नेतृत्व गरिरहेको छ । मुख्यमन्त्री, मन्त्रीहरुले कसरी जनताका मुद्दा सम्बोधन गरिरहेका छन्, गठबन्धनमा के कसो समन्वय गरेर कार्यप्रगति भइरहेको छ भन्ने विषयमा छलफल गर्ने छौँ । अर्को कुरा चैँ वर्तमान राजनीतिक परिस्थितबारे हाम्रो स्पष्ट दृष्टिकोणसहित जनतामा जान पार्टीको आगामी कार्यदिशाबारे नै घनिभूत छलफल भइरहेको छ र शनिबार केही निष्कर्षमा पुग्नेछौँ ।

**डा. शरद सिंह यादव,**
**प्रवक्ता, जनमत**

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा मुख्यमन्त्री नेतृत्वको सरकार, नयाँ गठबन्धनसहित राजनीतिक समस्याहरुमा समाधान पहलका लागि निष्कर्षमा पुग्न शुक्रबारदेखि जनकपुरधाममा जनमत पार्टीको सचिवालय बैठक शुरु भएको छ । बैठक निष्कर्षसहित शनिबार समापन हुनेछ ।
बैठकमा पार्टीले नेतृत्व गरेको मधेश सरकारको कामकाज कार्यान्वयनमा देखिएका समस्या समाधानको विकल्पबारे छलफल हुने बताइएको छ । मधेशमा पहिलोपटक नेतृत्व सम्हालेको जनमत पार्टी ४८ दिनमै समीक्षामा उत्रिएको हो । जनकपुरस्थित पार्टीको केन्द्रीय कार्यालयमा जारी बैठकमा प्रदेश सरकारको कामकारबाहीमा भएका उपलब्धी तथा कठिनाइ समाधान, प्रदेश सरकारलाई सफल बनाउने रणनीति, वर्तमान राजनीतिक परिस्थिति र पार्टीको कार्यदिशाबारे घनिभूत छलफल भएर निष्कर्षमा पुगिने बताइएको छ । बैठकमा सचिवालयका १७ पदाधिकारी तथा सदस्यहरूसँग मात्र छलफल गरिनेछ ।
शनिबार मधेश प्रदेशका मुख्यमन्त्री, पूर्वमन्त्री तथा प्रदेश सांसदहरूसँग पनि छलफल गरिने कार्यतालिका छ ।
यसअघि बैठकमा सहभागी हुने जनकपुर आइपुगेका पार्टी अध्यक्ष डा. सिके राउतलाई जनकपुरमा नेता तथा कार्यकर्ताले भव्य स्वागत गरेका थिए ।

## के छ मौद्रिक नीतिमा ?



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्ष २०८१–८२ को मौद्रिक नीति सार्वजनिक गरेको छ । उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णु पौडेल नियुक्त भएको केही दिनमै सरकारले मौद्रिक नीति ल्याउन खोजेको थियो । तर केही दिन ढिला गरेर ल्याइएको मौद्रिक नीतिमा राष्ट्र बैंककै गभर्नर महाप्रसाद अधिकारी नै निकै लचिलो भएको बताइएको छ । मौद्रिक नीतिमा केही पुराना व्यवस्था अरु खुकुलो पारेर केही नयाँ व्यवस्था पनि गरिएको छ । राष्ट्र बैंकले सन्तुलित ढङ्गले सजगताका साथ लचिलो मौद्रिक नीति ल्याएर अर्थतन्त्र चलायमान बनाउन कर्जा विस्तारलाई प्राथमिकतामा राखिएको गभर्नर महाप्रसाद अधिकारीको टिप्पणी छ । मौद्रिक नीतिका केही नयाँ पाटोहरु यस्ता छन्ः

**घट्यो बैंकदर र नीतिगत दर**
बैंक दर सात प्रतिशतबाट साढे छ प्रतिशत र नीतिगत दर साढे पाँच प्रतिशतबाट पाँच प्रतिशतमा झारिएको छ ।

**निर्माण व्यवसायीलाई राहत**
निर्माण व्यवसायीलाई प्रवाह भएको कर्जाको साँवाब्याज तिर्ने अवधि २०८१ मङ्सिर मसान्तसम्म थप भएको कछ । चेक अनादर भएका आधारमा मात्र कालोसूचीमा समावेश नगर्ने व्यवस्था आउको छ ।

**पुँजीकोषमा सहजता**
बैंक तथा वित्तीय संस्थाको पुँजीकोष व्यवस्थापनमा सहजता, असल कर्जामा गर्नुपर्ने विद्यमान एक दशमलव २० प्रतिशत कर्जा नोक्सानी व्यवस्था घटाएर एक दशमलव १० प्रतिशत कायम गरिएको छ । रेगुलेटरी रिटेल पोर्टफोलिया (आरआरपी) को सीमालाई दुई करोड रुपैयाँबाट बढाएर दुई करोड ५० लाख रुपैयाँ कायम गरिएको छ ।

**पुँजीकर्जा मार्गदर्शन संशोधन**
'भेरियन्स एनालिसिस' गरी कर्जा समायोजन गर्नुपर्ने व्यवस्थालाई २०८२ साउन १ गतेदेखि लागू हुनेगरी समयावधि थप गर्ने तथा लघु, घरेलु, साना एवं मझौला उद्यमका लागि तोकिएको एक करोड रुपैयाँको सीमा पुनरावलोकन गर्नेगरी चालु पुँजी कर्जा मार्गदर्शनमा संशोधन गरिएको छ ।

**शेयर धितो कर्जाको सीमा हट्यो**
संस्थागत लगानीकर्ताका लागि बैंक तथा वित्तीय संस्थाले मार्जिन प्रकृतिको शेयर धितोमा प्रवाह गर्ने कर्जाको विद्यमान अधिकतम २० करोडको सीमा खारेज गरिएको छ ।

**कर्जा वर्गीकरण**
निष्क्रिय वर्गको कर्जा नियमित भइसकेको अवस्थामा छ महिनापछि मात्र असल वर्गमा वर्गीकरण गर्न सकिने व्यवस्था परिमार्जनगरी छ महिनासम्म सूक्ष्म निगरानी वर्गमा वर्गीकरण गरी त्यस अवधिपछि मात्र असल वर्गमा वर्गीकरण गर्न सकिने व्यवस्था ल्याइएको छ ।

**बिनाधितो ऋण**
वैदेशिक रोजगारीमा जानेका लागि बिनाधितो ऋण दिने व्यवस्थालाई मौद्रिक नीतिले पनि समेटेको छ ।

**कानून निर्माण**
सम्पत्ति व्यवस्थापन ऐनको मस्यौदा बनाएर सरकारलाई बुझाउने र कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स–एआई) मार्गदर्शन तयार पार्नेलगायत विषयहरु मौद्रिक नीतिमा परेका छन् ।

**सहकारी र लघुवित्त क्षेत्र व्यवस्थापन**
बचत तथा ऋण सहकारी संस्थामा देखिएको समस्या समाधानका लागि समस्याग्रस्त सहकारीका सञ्चालक र एकाघरको परिवारको सदस्यका नाममा रहेको सम्पत्तिको धितोको सुरक्षणमा पाँच लाख रुपैयाँसम्मका बचतकर्ता सदस्यको रकम फिर्ता गर्ने व्यवस्था कार्यान्वयनको राष्ट्र बैंकले सहयोग गर्ने मौद्रिक नीतिमा उल्लेख गरेको छ । लघुवित्त संस्था गाभ्ने, कर्जाको पुनर्तालिकीकरण गर्ने तथा सेवाशुल्क परिमार्जन, सेवाग्राहीको गुनासो व्यवस्थापनमा बढी ध्यान दिने व्यवस्था गरिएको छ ।

**आयात खुकुलो**
ड्राफ्ट तथा टिटीका माध्यमबाट वस्तु आयात गर्दा उपलब्ध हुने सटही सुविधाको विद्यमान सीमा अमेरिकी डलर ३५ हजारबाट वृद्धि गरी अमेरिकी डलर ५० हजार कायम गरिएको छ । त्यस्तै, डकुमेन्ट अगेन्स्ट पेमेन्ट र डकुमेन्ट अगेन्स्ट एसेप्टेन्सका माध्यमबाट आयात गर्न सकिने विद्यमान सीमा अमेरिकी डलर ६० हजारबाट वृद्धिगरी अमेरिकी डलर एक लाख कायम गरिएको छ ।

**डलर खाताको भुक्तानी सीमा बढाइने**
नेपालमा खोलिएका परिवर्त्य विदेशी मुद्राको खाताबाट खर्च गर्न सकिने सीमालाई वृद्धि गरिने मौद्रिक नीतिमा उल्लेख छ । त्यस्तै, राहदानीबापत उपलब्ध हुने विदेशी मुद्रा सटही सुविधासम्बन्धी विद्यमान व्यवस्थामा सहजीकरण गर्ने नीति पनि राष्ट्र बैंकले लिएको छ । विप्रेषण आप्रवाह, भ्रमण, व्यापारलगायतका क्रियाकलापलाई थप सहज हुनेगरी सटही गर्न सकिने विदेशी मुद्राहरुको विद्यमान सूची पुनरावलोकन गरिने जनाइएको छ ।

**भुक्तानी प्रणाली सुधार**
राष्ट्रिय भुक्तानी स्वीच पूर्ण रुपमा सञ्चालनमा ल्याउन आवश्यकपर्ने पूर्वाधार र संस्थागत संरचना पार्ने मौद्रिक नीतिमा उल्लेख छ । त्यस्तै, भुक्तानी, समाशोधन र फछ्र्यौटसम्बन्धी कार्य गर्ने संस्थाहरुलाई पब्लिक लिमिटेड कम्पनी बनाइनेछ ।

**कर्जा विस्तारमा जोड**
सरकारले राखेको छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सहयोग पुग्नेगरी तरलता व्यवस्थापन र कर्जा प्रवाहलाई उत्पादनशील क्षेत्रतर्फउन्मुख गरिने मौद्रिक नीतिमा उल्लेख छ । विस्तृत मुद्राप्रदायको वृद्धिदर १२ र निजी क्षेत्रतर्फ जाने कर्जा वृद्धि दर १२ दशमलव पाँच प्रतिशतसम्म रहने प्रक्षेपण राष्ट्र बैंकले गरेको छ ।

**चेक बाउन्स हुँदैमा कालोसूचीमा नराखिने**
चेक अनादरलाई मात्र आधार मानी कालोसूचीमा राख्ने तथा बैंकिङ कारोबारमा बन्देज हुनेगरी खाता रोक्का राख्नेलगायतका व्यवस्था परिमार्जन गर्नेगरी विद्यमान कर्जा सूचना तथा कालो सूचीसम्बन्धी निर्देशनमा पुनरावलोकन गर्ने नीति राष्ट्र बैंकले लिएको छ ।

**ऋणपत्र क्षेत्रगत कर्जामा गणना**
ऊर्जा क्षेत्रमा लगानी अभिवृद्धि गर्न ऊर्जा क्षेत्रसँग सम्बन्धित विशिष्टकृत संस्थाबाट जारी गरिएका ऊर्जा बन्ड लगायतका ऊर्जासम्बन्धी ऋणपत्रमा गरिएको लगानीलाई ऊर्जा क्षेत्रमा लगानी गर्नुपर्ने गरी तोकिएको सीमामा गणना गर्न सकिने व्यवस्था मिलाइनेछ ।

**कर्जा विस्तार नीति**
नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले शुक्रबार सार्वजनिक भएको चालु आर्थिक वर्ष २०८१–८२ को मौद्रिक नीतिबाट बैंक तथा वित्तीय संस्थाको कर्जा विस्तारमा सहज हुने बताए । अधिकारीले कर्जा विस्तार बढेपछि बजार पनि केही चलायमान हुने अपेक्षा गरिएको बताए ।

**वित्तीय साक्षरता अभियान सञ्चालन**
नेपाल राष्ट्र बैंकले वित्तीय साक्षरतालाई अभियानकै रुपमा अगाडि बढाउने भएको छ । आम मानिसलाई वित्तीय रुपमा साक्षर बनाउने लक्ष्यका साथ केन्द्रीय बैंकले यस्तो प्रबन्ध गरेको हो । ग्राहकको हित संरक्षण, बैंक तथा वित्तीय संस्थाप्रति सेवाग्राहीको दायित्वलाई ध्यानमा राखेर वित्तीय साक्षरतालाई विशेष जोड दिइएको हो ।

**सात महिना धान्ने नीति**
नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिमा मुद्रास्फीतिलाई पाँच प्रतिशतको हाराहारीमा राख्नेगरी मौद्रिक व्यवस्थापन गरिने बताएको छ । कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्नेगरी विदेशी विनिमय सञ्चिति कायम गर्ने मौद्रिक नीतिको लक्ष्य छ । भारित औसत अन्तर बैंक दरलाई मौद्रिक नीतिको सञ्चालन लक्ष्यका रुपमा यथावत राख्दै स्वचालित र नियममा आधारित खुला बजार कारोबारमार्फत नीतिगत दरकै हाराहारीमा कायम गर्ने लक्ष्य राखिएको छ । बजेटमा सरकारले अनुमान गरेबमोजिम छ प्रतिशतको आर्थिक वृद्धि दर हासिल गर्न सहयोग पुग्नेगरी तरलता व्यवस्थापन र कर्जा प्रवाहलाई उत्पादनशील क्षेत्रतर्फउन्मुख गर्ने मौद्रिक नीतिको लक्ष्य छ ।

**समर्थन र स्वागत पायोः प्रधानमन्त्री**
प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल राष्ट्र बैंकद्वारा सार्वजनिक मौद्रिक नीतिले बजारमा समर्थन र स्वागत पाएको बताएका छन् । 'मौद्रिक नीतिले बजारमा समर्थन र स्वागत मिल्नु राम्रो हो,' उनले भने, 'अब तीव्र गतिका साथ काम गरेर सबै नेपालीको क्षमता वृद्धि गर्नुपर्छ ।'

**समग्रमा ठीक छः ढकाल**
नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले चालु आर्थिक वर्षको मौद्रिक नीतिले तय गरेको कार्यदिशा सकारात्मक रहेको प्रतिक्रिया दिएका छन् । अध्यक्ष ढकालले निजी क्षेत्रले उठाइरहेका विषय र राष्ट्र बैंकलाई दिएका सुझाव सम्बोधन भएको बताए । यद्यपि, मौद्रिक नीति कार्यान्वयनका लागि राष्ट्र बैंकले जारी गर्ने परिपत्र (सर्कुलर) हरु कस्तो आउँछन् भन्ने कुराले पनि महत्वपूर्ण अर्थ राख्ने उनको भनाइ छ ।

**तुलनात्मक रूपमा केही लचकः कमर्श**
नेपाल चेम्बर अफ कमर्सले आर्थिक वर्ष २०८१–८२ को मौद्रिक नीति तुलनात्मक रुपमा केही लचक आएको टिप्पणी गरेको छ । मौद्रिक नीतिका केही पक्ष सकारात्मक र केही विषय अझै सम्बोधन हुन नसकेको चेम्बरले जनाएको हो । चेम्बरले मौद्रिक नीतिमार्फत बैङ्कदर र नीतिगत दर घटाइएको विषयलाई सकारात्मक रूपमा लिएको जनाएको छ । घरजग्गा कारोबारलाई थप गति दिन ५० लाख रुपैयाँ भन्दा माथिको कर्जा जोखिमभार शतप्रतिशत कायम गरिनुपर्ने एवम् मूल्याङ्कनको सीमा ८०–२० को रेसियो कायम गरिनुपर्ने माग पूरा हुन नसकेको चेम्बरले उल्लेख गरेको छ ।

## कश्मिरमा बेचिएका २८ मजदुरको उद्धार

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
रोगजारीको प्रलोभनमा बेचबिखनमा परेका २८ मजदुरलाई भारतको कश्मिरबाट उद्धार गरिएको छ । उनीहरुलाई रोजगारीको प्रलोभन देखाएर कश्मिरमा लगेर बन्धक बनाएर राखिएको थियो । महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको पहलमा उद्धार गरिएका २८ जनालाई उनीहरुको परिवारसँग पुनर्मिलन गराइएको छ ।
किन इन्डियाको सहयोगमा उद्धार गरिएका मजदुरलाई मन्त्रालयको जिम्मा लगाइएकामा मन्त्रालयले धनुषा र सिरहाका प्रमुख जिल्ला अधिकारीहरुलाई उद्धार गरिएका कामदारलाई उनीहरुको परिवारको जिम्मा लगाउन जिम्मा दिएका थिए । करिब ५ महिनादेखि बन्धक बनाइएको सिरहाका २१ र धनुषाका ७ जनालाई रक्सौल नाँका हुँदै धनुषा ल्याइएको थियो । उद्धार गरिएका मजदुरलाई मन्त्रालयलाई हस्तान्तरण गर्दै किन इन्डियाका एक्ज्युकेटिभ डाइरेक्टर नवीनराज जोशीले बिहारबाट केही मान्छे आएर गाउँगाउँ पुगेर रोड बनाउने काम लगाइदिन्छु, राम्रै पैसा हुन्छ जस्ता प्रलोभनमा पारेर भारतको विभिन्न शहरमा लगेर कश्मिर पुर्याउने गरिएको बताए । उनले ५०–५० जनालाई पञ्जाव भनेर लगिने गरेको र त्यहाँबाट जम्मु भनेर कश्मिर पुर्याएपछि उनीहरुसँग भएको मोबाइल, नागरिकता, विभिन्न परिचय पत्र लिएर बन्धक जस्तो बनाइने गरिएको बताए । उनीहरुलाई डर त्रास देखाउन एक, दुईजनालाई एउटा कोठामा लगेर कुटपिट गरी केही पनि भन्न नसक्ने अवस्थामा पुग्ने गरेको बताए ।



जोशीले यसअघि पनि आफुहरुले मधेश प्रदेशकै ३५ जनालाई उद्धार गरेर ल्याएको भन्दै उनले भने, 'एक महिनाअघि करिब ३० देखि ४० कामदारलाई कश्मिरमा राखिएको जानकारी पाएपछि गृह कार्य सुरु गरेका हौँ, डकुमेन्ट पालिकाबाट, जिल्ला प्रशासन कार्यालयहरुबाट मगायौँ । हामीलाई थाहा भइसकेपछि हाम्रो टिमले मन्त्रालयलाई जानकारी गरायौँ ।'
उनले कश्मिरमा जानमा समेत आफूहरुलाई रोक लगाएपछि भारतस्थित नेपाली दुतावासमा एसएसपी उमा चर्तुवेदी, काउन्सिलरलगायत अन्य एजेन्सीमा फोन गरेपछि मात्र जान दिइएको बताए । फुलवा, कश्मिरलगायत तीन जिल्लामा उनीहरु राखिएकामा जोशीले मन्त्रालय र एम्बेसीसँग हौसला पाएपछि आफूहरुले छानबिन शुरु गरेको भन्दै एम्बेसी आउने कुराकानी रहेपनि भारतले कश्मिरमा डिप्लोमेटलाई जान रोक लगाएकाले उनीहरु प्रत्यक्षरुपमा सहभागी नभएको बताए । 'भारत सरकारले हामीलाई डाइरेक्ट अपरेशन गर्न एनओसी दिएन्, हाम्रो संस्था त्यहाँ दर्ता भएको हुनाले, हामी त्यहाँदेखि काम गर्ने हुनाले र हाम्रो सम्बन्ध त्यहाँ पहिलादेखि नै रहेकाले रेकी गर्न सक्यौँ,' उनले भने, 'हामीले रेकी गरिसकेपछि त्यहाँका प्रशासनसँग, क्राइम ब्रान्चसँग, लोकल प्रहरीसँग सहकार्य गरेर राति ३ बजेको समयमा पुगेर ४ बजे रेड गयोैँ ।'
कार्यक्रममा मधेश प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद जयसवालले मधेश प्रदेशमा रोजगारीका कारण यस्ता समस्या देखिएको बताए । महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री नवलकिशोर साह सुडीले तराई मधेशमा बढिरहेको विकराललाग्दो समस्या देखिएको कारणले गर्दा यसखालको समस्या देखिदिएको बताउँदै सर्वसाधारणलाई प्रलोभनमा नपर्न आग्रह गरे ।

*महान हुनका लागि शुरुवातको जरुरत छ । – अज्ञात*

## सम्पादकीय

# लागुऔषध ओसारपसार रोक्न चुनौतीपूर्ण

*सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साले पछिल्लो आर्थिक बर्ष २०८०÷०८१ मा ३४ करोड २७ लाख ७८ हजार ३१३ रुपैयाँ बराबरको तस्करीको सामान बरामद गर्यो । गणले सार्वजनिक गरेको एकबर्षको प्रगति विवरण अनुसार सशस्त्र प्रहरी राजस्व गस्ती टोलीले वीरगंज भन्सार कार्यालयमा १४ करोड ८९ लाख ४८ हजार ५५६ रुपैयाँ बराबरको तस्करीको सामान तथा राजस्व अनुसन्धान पथलैयामा १९ करोड १६ लाख ९६ हजार ९७५ रुपैयाँ मूल्य बराबरको सामान बरामद गरि बुझाएको छ । बरामद समानमा प्रतिबन्धित गाँजा २२६ किलो ४३५ ग्राम, चरेश १ किलो दुई सय ग्राम, डाइजपाम ९६९ पिस, फेनार्गन ८७९ पिस, नुर्फिन ९९७ पिस, नाईट्रोभेट २४८ पिस, नीट्राजेपाम ४४ पिस, ओनोरेक्स ८३ बोतल, ब्राउन सुगर चार किलो ३७ ग्राम, र ट्रामाडोल १५ हजार २६ पिस रहेको छ । सो अवधिमा लागुऔषध सहित २६ जनालाई नियन्त्रणमा लिइएको छ । गत बिहीबार खुर्सानीको बोरामा राखेर ओसार पसार गरेको सूचनाका आधारमा प्रहरीले ठूलो परिमाणमा लागुऔषध बरामद गरेको थियो ।*

*विश्वमै सबैभन्दा बढी अवैध कारोबार हुने तीन क्षेत्र हुन् – मानव तस्करी, अवैध हतियार र लागुऔषध । नेपाल पनि यसबाट अछुतो छैन । पछिल्लो एक दशकयता अन्तर्राष्ट्रिय लागुऔषध तस्करले नेपाललाई तस्करीका लागि ‘ट्रान्जिट’को रुपमा प्रयोग गर्दै आएका छन् । विश्वका कतिपय देशमा लागुऔषध कारोबार गर्ने क्रममा मृत्युदण्डको सजाय भएको र नेपालमा त्यस्तो कानुन नभएकाले पनि तस्करले नेपाललाई ट्रान्जिट बनाउने गरेको कतिपयको तर्क छ । तर तस्करले प्रायः साधारण व्यक्तिलाई भरियाको रुपमा प्रयोग गर्ने गर्छन् । प्रायः लागुऔषध कारोबारका नाइके पक्राउ पर्दैनन् । गाँजा, चरेश, अफिम प्रायः नेपालबाट भारतमा जाने गरेको छ । नेपालबाट भारतमा गरिने तस्करीका लागि समेत तस्करले नयाँ–नयाँ तरिका अपनाउने गरेका छन् । अवैध लागूऔषध कारोबारमा संलग्न अभियुक्त पक्राउ संख्या बढ्नुको कारण समुदाय–प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत प्रहरी सक्रियता र नागरिकसँगको सहकार्य भएको प्रहरी अधिकारी बताउँछन् । तर संगठित र अन्तर्राष्ट्रिय गिरोहको सञ्जालले लागूऔषध कारोबार नियन्त्रणमा चुनौती भने बढ्दो छ । लागुऔषध कारोबार नियन्त्रणका लागि नेपाल सरकारले लागुऔषध नियन्त्रण रणनीति २०६६ लागू गरेको छ । गृह मन्त्रालयले गृह प्रशासन सुधार योजना २०७४ अन्तर्गत बुँदा नम्बर ७३ देखि ७६ सम्म लागूऔषध सम्बन्धी नीति तथा योजना समावेश गर्नुको साथै लागुऔषध निषेध र मदिरा नियन्त्रण अभियान २०७५ शुरु गरेको छ । ग्रामीण क्षेत्रमा हुने गाँजा र अफिम खेतीको भरपर्दो अनुगमन प्रणाली नहुनु, खर्चिलो सूचना व्यवस्थापन विधि र बजेटको सीमितता नै नियन्त्रणका चुनौती हुन् । खुला सीमानाको कारण तस्करले कारोबार गर्ने विभिन्न उपाय अपनाउँछन् । यस्ता चुनौती समाधान गर्न ब्यूरोले सीमित साधनस्रोत र जनशक्तिको उच्चतम प्रयोग गरी काम गर्दै आएको छ ।*

# सामाजिक जागरणको आन्दोलनः हलो क्रान्ति

तत्कालीन अशिक्षा, अन्धविश्वास, कुसंस्कार, कुमान्यताले जकडिएको यथास्थितिको समाजमा नवीन चेतना, सामाजिक परिवर्तनको तरङ्ग मच्चाउने एक अभियान थियो हलो आन्दोलन । भित्री मूल ध्येय निरंकुश, एकतन्त्रीय राणाशासनको विरोध गर्नु थियो । वास्तवमा हलोक्रान्ति केबल कोरा क्रान्ति नभई एउटा आध्यात्मिक मलजलका माध्यमद्वारा निस्केको, जागरण र विकासको उद्देश्यमा कदम चालिएको सामाजिक क्रान्ति थियो । २००६ साउन ११ गते छेडिएको हलो आन्दोलन एक राजनीतिक, सामाजिक एवम् आर्थिक आन्दोलन पनि थियो।

ब्राम्हणहरुले हलो जोत्न हुँदैन भन्ने रुढीबादी सामन्त संस्कारको अन्त्य गरे । ब्राम्हणहरुले हलो जोत्न हुँदैन भन्ने कुरा शास्त्र र कानुन दुवैमा छैन । त्यसैले हामी कृषक हौं, कृषकले भूमि खनजोत गर्न हुन्छ । आऊ ! जोतौँ भनी पण्डित तोयनाथ अधिकारीले आह्वान गरेको हलो क्रान्तिमा २००६ साउन ११ गतेका दिन पण्डित तोयनाथ अधिकारी, लेप्टेन शेषकान्त पौडेल, मुखिया हरिभक्त पौडेल, तथा श्रीकान्त अधिकारी लगायत २७ जना ब्राम्हणहरुले हलो जोतेर हलो क्रान्तिको शुरुआत गरेका थिए।



विजयराज न्यौपाने

हलो क्रान्तिले हलीका रुपमा खनजोत गर्ने दलितका छोरालाई अप्रत्यक्षरुपमा किनबेच गर्ने प्रथाको अन्त्य, हली नपाएर हैरान भएका कृषक ब्राम्हणहरुको समस्या समाधन, छोईछिटोको अन्त्य, रुढीवादी परम्परा बिसर्जन, सामन्त संस्कारलाई चुनौती र राणाशासन बिरोधी संगठनलाई ऊर्जा थप्ने काम गर्‍यो । हलोजोत क्रान्तिले समाजमा ठूलो हलचल पैदा गर्यो । जोत्ने र नजोत्नेहरुका बीच भातभान्छा र पानी बाराबार हुँदै गयो । कतिपय सामन्ती ब्राम्हणले त बुहारीहरुलाई घर र माइती समेत गराएनन् बरु छोरीहरुलाई घर निकाला गरिदिए।

यस आन्दोलनको मिर्मिरे उज्यालो ल्याउने केन्द्रीय तारा थिए पण्डित तोयनाथ अधिकारी । उनीसहित नेपाली सामाजिक आकाशमा चम्चमाउने उज्याला चार तारा थिए– पं. तोयानाथ अधिकारी, ले.शेषकान्त अधिकारी, मु. हरिभक पौडेल, राजनेता श्रीकान्त अधिकारी । यिनै तारा वरिपरि अन्य ताराहरू पनि मिर्मिरे उज्यालो ल्याउन चम्चमाइरहेका थिए । आज यस आन्दोलनको परिचर्चा गर्दै यसको वास्तविकता बुझी खुला र उदार समाज निर्माणमा बल पुर्‍याउँदै सर्वोदयका लागि व्यक्तिगत स्वार्थलाई तिलाञ्जलि दिई निःस्वार्थ ढङ्गले अभिप्रेरित हुँदै सामाजिक जागरणका लागि सङ्कल्पित हुने दिन पनि हो । यस किसिमको सामाजिक जागरण ल्याउने काम अभियानकै रूपमा निरन्तर चलिरहनु पर्दछ।

ब्राम्हणको हलोजोत आन्दोलनलाई व्यापक बनाउन र सर्वसाधारणहरूको समेत सहभागिता र समर्थन प्राप्त गर्नका लागि लमजुङ, दुराडाँडामा २००४ सालदेखि २००६ सालको प्रारम्भसम्म पुराण वाचन गरिएको थियो । नैतिक, चारित्रिक उत्थानसहित जनचेतना जगाउने, प्रजातन्त्र प्राप्तिका लागि बल पुर्‍याउने, आफ्नो काम आफैँ गरी स्वावलम्बी बन्ने बनाउने उद्देश्यले पुराणका माध्यमबाट समाज परिवर्तनका लागि चालिएको एक सांस्कृतिक अभियान थियो पुराण वाचन । चारजना पण्डित वाचक रहेको यस महापुराण अभियानमा आधुनिक ढङगले पुराणको मर्मलाई व्यावहारिक ढङ्गले ढालेर भन्ने सम्झाउने मूल पण्डित तोयानाथ अधिकारी थिए । उनको प्रवचन समावेशी समाज निर्माणमा बल पुग्ने किसिमको हुन्थ्यो भन्ने बुझिन्छ।

छुवाछुतको भेद रहेको तत्कालीन समाजमा दलितले पुराण वाचन सुन्नु हुँदैन भन्नी हेय र तिरस्कार एकथरी यथास्थितिका पक्षमा रहेका मानिसले गरे तर पं. तोयनाथले शास्त्री आधारमै व्याख्या गरेर सुन्न हुन्छ, उसले पनि आफूलाई सही बाटोमा हिंडाउन सक्छ भनी अनुमति दिएका थिए भन्ने बुझिन्छ। आज हामी समावेशीकरणको नारा उठाएका छौँ भने त्यति बेलाको पुराण वाचनमा समावेशीतालाई जोड दिइएको थियो । झट्ट हेर्दा धार्मिक, सांस्कृतिक अभियान वा अर्कोतिर कृषि क्रान्ति जस्तो देखिए पनि यो निरंङ्कुश राणातन्त्रका विरुद्ध छेडिएको सुनियोजित आन्दोलन थियो । यस आन्दोलनलाई शास्त्रीय ढङ्गले हेर्ने, प्रतिवाद गर्ने काम शास्त्रीसम्मको अध्ययन सकेर गाउँघर फर्केका सामाजिक अभियन्ता पं.तोयनाथ अधिकारीको घर नजिकै अर्चलेनी, दुराडाँडामा सर्वप्रथम ब्राह्मणद्वारा हलो जोतिएको थियो।

त्यतिबेला ब्राह्मणले हलो जोत्नु हुँदैन भन्ने मान्यता थियो । यस किसिमको यथास्थितिमा प्रगतिवादी सोच लिएर शास्त्रीय ढङ्गले उठ्ने सवालहरूको प्रतिवाद पं.तोयानाथले गरे भने कानुनी ढङ्गले उठ्ने सवालहरूको जवाफ दिन र प्रतिरक्षा गर्न जागिरे जीवन भोगाइबाट खारिएका ले. शेषकान्त अधिकारी, मु. हरिभक्त पौडेल तम्तयार थिए भने व्यावहारिक पाटोबाट आएका अड्चनहरूलाई केलाउने र प्रतिवाद गर्ने जिम्मा हरिदास अधिकारी मुखियाले लिएका थिए । हलो आन्दोलन छेड्नु केही समय अगाडि हरिदासको निधन भएकाले उनैका सुयोग्य सुपुत्र नवयुवा श्रीकान्त अधिकारीले उक्त स्थान ग्रहण गरे । नवयुवाहरूलाई जुरुक्क उठाउने काम उनले गरे । ब्राह्मणद्वारा धर्ती, गोरु र हलोका सामानहरूको पूजा गरी हलो जोतिएको घटनाले बन्द समाजमा ठूलै भूकम्प गएको जस्तो धक्का महसुस गरियो । समाजमा ठूलो वहस चल्यो । समाज रूपान्तरणको पक्षमा र यथास्थितिको रक्षामा दुई पाटोमा समाज बाँडिन गयो।

हलो क्रान्तिपछि छुवाछुतको क्रमशः अन्त्य हुँदै गयो । ब्राम्हणका चेलीबेटीको कोशेली बोकेर दलितहरुले घरमाइती गराउन थाले । ब्राम्हणहरु आफैले जोतेर खेती लगाउने चलनको थालनी भयो । विद्यालयमा समावेसी सहशिक्षाको परम्परा शुरुभयो । विस्तारै समाजको ठूलो हिस्सा भने परिवर्तनकै पक्षमा उभियो । कविता पनि पक्ष र विपक्षमा छेडछाड गरेर लेखिए । यथास्थितिको आडमा टाँसिएको तत्कालीन राणा सरकारले ठूलै धक्का महसुस गर्‍यो र आन्दोलनका अगुवाहरूलाई जेलमा कोच्यो तर उनीहरूले जेलमै विद्रोह गरे । आखिर बिनाशर्त जेलमुक्त गर्न सरकार वाध्य हुनु पनि पर्‍यो।

यो आन्दोलनको लहर छिमेकी जिल्लाहरू तनहुँ, कास्की, गोरखा, धादिङ, गुल्मी, अर्घाखाँची आदि हुँदै पश्चिम नेपालभर फैलिन गयो । दुराडाँडामा शुरु गरिएको हलोक्रान्तीलाई त्यसलगत्तै हालको मध्यनेपाल नगरपालिका–७ चिसंकु लमजुङमा डिट्ठा श्रीप्रसाद घिमिरेले अनुशरण गर्नुभयो । तनहुँको भानु नगरपालिका चुँदी टुहुरे पसलमा रामप्रसाद, उमाभद्र खनालसहितका मानिसहरुले हलो जोते । गोरखामा पूर्णप्रसाद ब्राम्हण र भवनाथ कट्टेलहरुले हलो जोत्न थाले । यसरी नै कास्कीमा ऋषि केशव पराजुली, मुक्तिनाथ तिमिल्सिना र देवबहादुर भारी तथा स्याङ्जामा साहु गेजा शर्मा, अर्घखाँचीमा काशीनाथ गौतम, धादिङमा देवीप्रसाद पौडेल, रामेछाप दुम्जामा गोविन्द कोइरालालगायतको सक्रियतामा ब्राम्हणहरुको हलोजोत क्रान्तिको तरङ्ग फैलिँदै गएको थियो । राणाशासनको जग यसै अभियानले हल्लायो । एकतन्त्रीय हुकुमी शासनका विरुद्धमा जनमत तयार बन्दै गयो र सार्थक पनि बन्न गयो।

समाजलाई यसरी अग्रगमनको दिशामा हिंडाउन तत्कालीन घोर अन्धकारमय समाजमा मिर्मिरे उज्यालो ल्याउन लागेका सम्पूर्ण योद्धाहरू पुजनीय छन्, वन्दनीय छन् । यस आन्दोलनको विचार–बीज नै पं. तोयानाथ अधिकारी थिए भने बीज उमार्नका लागि वातावरण तयार पार्ने मुख्य नायकहरू ले. शेषकान्त, मु. हरिभक्त, श्रीकान्त लगायत सबै उत्तिकै पूजनीय र वन्दनीय छन् । वास्तवमा भन्ने हो भने यी योद्धाहरू हाम्रो समाजका विभूति हुन् । सरकारले निष्पक्ष ढङ्गले मूल्याङ्कन गरी हलो आन्दोलन जस्ता समाजिक अग्रगामी आन्दोलनलाई पाठ्यक्रममा समेत राखेर सामाजिक शिक्षा दिलाउनु अत्यावश्यक देखिन्छ । सिर्जनात्मक ढङ्गले प्रगतिवादी सोच लिएर समाज परिवर्तनका लागि अमूल्य योगदान पुर्‍याउने सामाजिक अभियन्ताहरूलाई राष्ट्रिय विभूति घोषणागरी सम्मान प्रकट गर्न राज्य चुक्नु हुँदैन । के नेता के जनता व्यक्तिगत तुच्छ स्वार्थ त्यागेर समाज उत्थानमा लाग्न हलो आन्दोलन दिवसले हामी सबैलाई प्रेरणा देओस् । अस्तु । (लेखक मस्याङ्दी वाङ्मय प्रतिष्ठानका अध्यक्ष हुनुहुन्छ)

अन्तर्राष्ट्रिय

## ओलम्पिकको उद्घाटनअघि फ्रान्सको रेल लाइनमा आक्रमण



ओलम्पिक खेल उद्घाटन समारोहको केही घन्टा अगाडि फ्रेन्समा हाई स्पीड रेल सेवा अवरुद्ध भएको छ । फ्रान्सिस रेल कम्पनी एसएनतसीएफका अनुसार पेरिसको पश्चिम, उत्तर र पूर्वतर्फ हाई स्पीड लाइनमा क्षति पुर्‍याइएको छ । उसका अनुसार रेल लाइनमा क्षति पुऱ्याउन जानीबुझी आगो लगाइएको छ । कम्पनीले रेल स्टेशनतर्फ नआउन र सम्भव भए केही घन्टाका लागि यात्रा सार्न आग्रह गरेको छ । फ्रान्सका यातायातमन्त्री पेट्रिस वग्रीटले घटनालाई आपराधिक कृत्य भनोक छन् र यसको निन्दा गरेका छन् । खेलमन्त्री एमिली ओडेयाले आम मानिससँगै ओलम्पिकमा भाग लिने आइरहेका खेलाडीहरूलाई समेत असर गर्न आशंका गरे । पेरिस ओलम्किपको शुक्रबार उद्घाटन समारोह छ, जसमा ३ लाखभन्दा बढी मानिस सहभागी हुने अनुमान छ ।

## राष्ट्रपतिमा ह्यारिसलाई ओबामाको समर्थन



अमेरिकाका पूर्वराष्ट्रपति बाराक ओबामाले डेमोक्र्याट पार्टीका उम्मेदवार कमला ह्यारिसलाई राष्ट्रपतीय उम्मेदवारीका लागि समर्थन गरेका छन् । यसले ह्यारिसको उम्मेदवारीको सम्भावनालाई थप बल पुगेको छ । ‘यसै हप्ताको सुरुमा मिशेल र मैले साथी कमला ह्यारिसलाई फोन गरेका थियौँ । हामीले उहाँलाई भनेका थियौँ उहाँ संयुक्त राज्य अमेरिकाको एक शानदार राष्ट्रपति बन्नुहुनेछ र उहाँलाई हाम्रो पूर्ण समर्थन रहनेछ’, ओबामाले सामाजिक सञ्जाल प्लेटफर्म एक्समा लेखेका छन् । ‘हाम्रो देशका लागि यो महत्वपूर्ण क्षणमा नोभेम्बरमा उहाँले जित्ने सुनिश्चित गर्न सक्दो प्रयास गर्नेछौं । सम्पूर्ण अमेरिकी शुभचिन्तक र मतदाता हामीसँग सामेल हुनुहुनेछ भन्ने हामी पूर्ण आशा गर्छौं ।’ प्रभावशाली पूर्वराष्ट्रपति डेमोक्र्याटिक पार्टीका अन्तिम ‘हेभी हिटर’हरू मध्ये एक थिए । ह्यारिसले आइतबार नै राष्ट्रपति जो बाइडेनको समर्थन प्राप्त गरिसकेकी छन् । ओबामाको समर्थनले ह्यारिसको चुनावी अभियानको बढ्दो गतिलाई अझ बढाउनेछ । अन्तिम समयमा उम्मेदवारी घोषणा गरेदेखि नै समर्थनको आधारहरू बढ्दै गएका छन् । एजेन्सी

## ब्लग

# दुर्घटनाको पनि वर्ग हुन्छ सरकार ?

**प्रतिमा सिलवाल**

*गत असार २८ गते देशभर भीषण वर्षा भइरहेको थियो । देशको संघीय राजधानी भने ठूला साना दलहरू सत्ता अदलीबदलीको चटारोमा व्यस्त थिए । वर्षा वा राजनीतिक उथलपुथल आम नागरिकका गन्तव्य खोज्ने यात्रा रोकिएको थिएन । उनीहरू पूर्व हिँडेका थिए, पश्चिम हिँडेका थिए, गन्तव्य खोज्दै । वर्षाले राजनीतिलाई असर नगरेपनि सडक बाटोबाट हिँड्नेहरूलाई रोकिरहन्छ । त्यो समय पनि कहिल्यै पहिरो नझरेको काली खोलामा ठूलो पहिरोले बाटो रोकेको थियो । सडकमा गुडेका गाडीहरु सुस्त अघि बढ्दै थिए । त्यही समय, बिहानको झिसमिसे भुइँमा झरेकै थिएन । नेपालको काठमाडौं छिर्ने मुख्य राजमार्ग मुग्लिन–नारायणगढ सडकमा लेदोसहितको पहिरो गाडी गुडिरहने सडकको भित्तातर्फ बनाइएको कुलेसो, तारजाली सबै नाघेर आयो । मुग्लिन बजारबाट २३ किलोमिटर ५ सय मिटर नारायणगढतर्फको सिमलताल भन्ने ठाउँ थियो त्यो । लेदोसहितको पहिरो आउँदा सडकमा गन्तव्य काठमाडौं बनाएर वीरगंजबाट हिँडेका र गन्तव्य गौर बनाएर काठमाडौंबाट हिँडेका कुल ६५ जना यात्रु सवार बस त्रिशूली नदीमा खस्यो । तीमध्ये ३ जना त्रिशूलीको भेलमा पौडिएर सडकमा निस्किए, आफन्त गुमाएको अलाप गर्न लागे । आँखै अगाडि दुई बसलाई लतार्दै त्रिशूलीमा डुबाएर बेपत्ता बनाएको देखेका बसका चालकहरु हतास मनस्थितीमा अतालिँदै प्रहरीलाई खबर गरे । त्यो बसमा यात्रा गर्ने कोही केही पैसा कमाउन सकिएला जीवन सहज होला भनेर विदेश हिँडेका थिए, कोही सुन्दर भविष्य बनाउन सकिएला भनेर लोकसेवा परीक्षा दिन हिँडेका थिए । कोही राजधानी बाहिरको उपचारले निको नभएर संघीय राजधानीको सुविधासम्पन्न अस्पतालमा उपचार गरेर घर फर्किंदै थिए । समग्रमा भन्दा ति सबैजसो भुइँमान्छे थिए । त्यस दिन प्रधानमन्त्रीको कुर्सीमा थिए, पुष्पकमल दाहाल 'प्रचण्ड' । बिहान झिसमिसे नहुँदै घटना भएको थाहा पाएर प्रधानमन्त्रीले फेसबुकमा घटनाप्रति दुःख मनाउ गरे । सुरक्षा संयन्त्र, प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना लगायतलाई कमाण्ड गर्ने कमाण्डर अर्थात् त्यस बेलाका गृहमन्त्री चितवनको दुर्घटना भएकै क्षेत्रका माननीय समेत रहेका रवि लामिछाने थिए ।*

*सरकार बनाउने र परिवर्तनको खेल चलिरहँदा काठमाडौंमा बसेको उच्च पदस्थ बैठकले घटनाको दुःख मनाउ गर्यो । फेसबुके दुःखहरु सार्वजनिक भए । तत्कालै घटनास्थलको निरीक्षण गर्न आउने फुर्सद भएन । चितवनका प्रहरी प्रशासन घटनाकै दिनदेखि आजसम्म त्रिशूली र नारायणी नदीमा बेपत्ता यात्रु खोजिरहेका छन् । प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव दुईवटा बसलाई एकैपटक त्रिशूलीमा खसाउनु र ठूलो संख्यामा मानिस बेपत्ता हुनु सिंगो देशको लागि ठूलो दुःख भएका बताउँछन् । चितवनको नदी किनाराबाट कम्तीमा शवमात्रै पाएपनि सद्गद् गर्न हुन्थ्यो भनेर कुरिरहेका यात्रुका आफन्तलाई के जवाफ दिने ? दिनभर नदीमा खोजेर रित्तो हात फर्किनुपर्दा र यात्रुका आफन्तमा दिने जवाफ नहुँदा चितवनका सुरक्षा संयन्त्र निराश बन्न थालिसकेका छन् । घटनाको तीन दिनपछि ११ दिनको लागि भनेर गृह मन्त्रालयले सहसचिवको नेतृत्वमा छानबिन कार्यदल बनाएको थियो । यो दुर्घटना चालकको लापरबाही थिएन । लापरबाही त मूल सडकमाथि खनिने सहायक सडक र त्यसका इन्जिनियरिङ गर्ने राज्यका उच्च पदस्तहरूकै होला । तर, यसको दोषी कसलाई देख्छ समितिले, उसको प्रतिवेदनले नै बोल्छ होला । चितवनमा कार्यदलका पदाधिकारी आउँदा यहाँका स्थानीयले सोधेका थिए, किन राज्यलाई सर्वसाधारणको मृत्यु दुख्दैन ? उनीहरुले नागरिकका प्रश्न गरेका थिए । समितिका पदाधिकारीले जवाफ दिएका थिए, राज्य संवेदनशील छ । मृत्यु त्यो पनि दुर्घटनाजस्तो भयानक कारण, आफैँमा निकै पीडादायी हुन्छ । सबैलाई शोकमा पार्छ । काठमाडौंमा हिजो भएको जहाज दुर्घटना जति भयावह थियो, बिहान झिसमिसे नहुँदै यात्रा गरिरहेको त्रिशूलीमा दुई बस लतारेर ६२ जना बेपत्ता बनाएको घटना अझ बढी भयाबह थियो । अकल्पनीय र पीडादायी थियो । त्यो दुर्घटनाले राज्यलाई पक्कै दुखेको होला । तर, व्यवहारमा देखिएन । १४ औँ दिनसम्म दुई लाख राहत दिने निर्णय मात्रै राज्यको देखिनेगरि काम हो । भवितव्य जुनसुकै समयमा आउन सक्छ । व्यक्तिलाई पीडा दिनसक्छ । राज्य त्यस्तै समयको अभिभावक हो । राज्यले गरेको विभेद नागरिकले महसुस गरे भने कल्याणकारी राज्यको के महत्व रह्यो र ?*

*आज बस दुर्घटना र जहाज दुर्घटनाको सहानुभूति व्यक्त गर्ने तरिकामा किन विभेद भयो ? के राज्यको लागि नागरिकको मृत्युमा पनि वर्ग फरक देखिन्छ ? हरेक व्यक्ति सतप्रतिशत आत्मसम्मानमा बाँच्न पाउनुपर्छ । आफ्नो राज्यमा भएका नागरिकको सतप्रतिशत अभिभावकत्व राज्यको दायित्व हो । एउटै परिवारको अभिभावकबाट किन फरक व्यवहार ? आज आम नागरिकले दुई ठूला दुर्घटनामा प्रश्न गरिरहेका छन् । उनीहरू सोधिरहेका छन्, 'मृत्युको शोक राज्यलाई सडकमा मुस्किलले भाडा तिरेर हिँड्ने र जहाजमा सुविधाजनक यात्रा गर्नेबीचमा किन फरक भयो ? किन बराबरी दुखेन नागरिकको मृत्यु पीडा ?'*




# शिक्षा मन्त्रालयको प्रगति विवरण सार्वजनिक



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालयले आर्थिक वर्ष २०८०।८१ को वार्षिक प्रगति विवरण सार्वजनिक गरेको छ । आर्थिक वर्ष सम्पन्न भएको तीन साता पछि मातहतका कार्यालयसहित मन्त्रालयले शुक्रबार प्रगति विवरण प्रस्तुत गर्नुका सार्थ समीक्षा समेत गरेको हो । हालसम्म मधेश प्रदेशका कुनै पनि मन्त्रालय र मातहतका कार्यालयले गत आर्थिक वर्षको प्रगति विवरण सार्वजनिक गरिसकेको छैन् । प्रगति विवरण सर्वाजनिक गर्नेमा शिक्षा मन्त्रालय प्रदेश कै पहिलो मन्त्रालय बनेको छ ।

मन्त्रालयले गत आर्थिक वर्षमा ५१ प्रतिशत बजेट खर्च गरेको छ । वार्षिक प्रगति समीक्षा गोष्ठीलाई उद्घाटन गर्दै मुख्यमन्त्री सतिशकुमार सिंहले विगतमा भएको त्रुटि, कमीकमजोरीबाट पाठ सिकेर अघि बढ्नुपर्ने बताए । चालु आर्थिक वर्षमा समयमै अख्तियारी पठाउने तयारी रहेकाले योजनाहरु संचालनमा ढिलाई नगर्न मुख्यमन्त्री सिंहले मन्त्रालयका सचिवसहित मातहतका कर्मचारीहरुलाई निर्देशन दिए । सो अवसरमा शिक्षा तथा संस्कृति मन्त्री रानी कुमारी तिवारीले कर्मचारी र मन्त्रीबीचको सम्बन्ध सुमधुर नभएसम्म कार्यप्रगति उत्साहजनक हुन नसक्ने दाबी गरिन् ।

शिक्षा तथा संस्कृति मन्त्रालयका सचिव महेन्द्र महतोको अध्यक्षतामा भएको वार्षिक प्रगति समीक्षा गोष्ठीमा मन्त्री तिवारीले आफूले सुखसुविधाभन्दा कामलाई प्राथमिकता दिएकाले आफ्नो जिम्मेवारी बुझेर कार्य सम्पादनमा लाग्नको लागि कर्मचारीहरुलाई निर्देशन दिइन् ।

गोष्ठीमा शिक्षा तथा संस्कृति मन्त्रालयका शाखा अधिकृत लक्ष्मण राम, शिक्षा विकास निर्देशनालयका किशोरी कापर, शिक्षा तालिम केन्द्रका प्रमुख ठूलोबाबु दाहाल, मधेश विश्वविद्यालयका रजिष्टार विजय यादव, मधेश प्रज्ञा प्रतिष्ठानका मेनुका झा, शिक्षा विकाई इकाई सप्तरीका प्रमुख रामहृदय यादव, धनुषाका इन्जिनियर लक्ष्मण राउत, सर्लाहीका प्रमुख समर्तलाल साह, बाराका प्रमुख शिवशंकर प्रसाद चौधरी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्का लेखा अधिकृत मोहन प्रसाद लामिछानेले आ–आफ्नो कार्यालयको प्रगति विवरण प्रस्तुत गरेका थिए । शिक्षा विकास निर्देशनालयले सुरक्षा कारण देखाउँदै चालु र पूजीगत गरी मात्र ४३ प्रतिशत बजेट खर्च गरेको छ ।

# आजपा निकट आम सांकृतिक महासंघको विस्तारित बैठक बस्दै



**मधेशदृष्टि**
**वीरगंज ।**
प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा) निकट आम सांकृतिक महासंघको विस्तारित केन्द्रिय बैठक शनिबार बस्ने भएको छ । पछिल्लो विकसित राजनीतिक घटनाक्रम र समसामयिक विषयमा छलफल र आवश्यक निर्णय लिन आम सांस्कृतिक मोर्चाले साउँन १२ गते काठमाडौँ स्थित अनामनगर तमु बुद्ध पार्टी प्यालेसमा बैठक आह्वान गरेको हो । आम सांस्कृतिक मोर्चाका केन्द्रिय ईन्चार्ज विजय यादव निर्विजले देश संकटग्रस्त अवस्थाबाट गुज्रिरहेको र राजनीतिक अस्थिरता कायमै रहेको दाबी गरे । सरकार–सरकारबीच द्वन्द्वको अवस्था रहँदा जनता भने निराश रहेको उनको भनाइ छ । प्रमुख पार्टीका नेताहरू अनिर्णयको बन्दी भई खुलेआम भ्रष्टाचारमा लिप्त रहेको आरोप लगाउँदै उनले देशको आर्थिक अवस्था दयनीय अवस्थामा पुगेको जिकिर गरे । बजारमा पैसाको हाहाकार छ । एकातिर देशबाट बर्सेनि खर्बौं पुँजी वर्तमान संकटको प्रमुख कारण विद्यमान शासन व्यवस्था र मुख्यतः दलतन्त्र भएको उल्लेख गर्दै साहले यसको विकल्प खोज्न जरुरी भइसकेको बताए । यी र यस्ता संकटको समीक्षा तथा वर्तमान व्यवस्था र नेतृत्वको विकल्पबारे आम सांस्कृतिक मोर्चाका आधिकारिक धारणा तथा ठोस योजना निर्माणको लागि बैठक आह्वान गरिएको उनको भनाइ छ ।

# अनियमित विद्युत कटौतीको विरोधमा प्रदर्शन




**मधेशदृष्टि**
**वीरगंज ।**
अनियमित विद्युत कटौती, भोल्टेज समस्या लगायतका समस्या समाधानको माग गर्दै दवाब स्वरुप जनमत पार्टी पर्साले विद्युत प्राधिकरण वीरगंज वितरण केन्द्र अगाडि प्रदर्शन गरेको छ । प्रधिकरणको लापरबाही र हेलचेक्रयाइका कारणले विद्युत आपूर्ति असहज र अनियमित भएकोमा उनीहरुले आक्रोश व्यक्त गरेका हुन् । 'गर्मीयाममा लगातार विद्युत लाइन कटनु, भोल्टेल न्यून हुनु जस्ताले जनजीवन कष्टकर हुँदै गएको छ ।

यसको नकारात्मक असर विद्यार्थीहरुको अध्ययन, पेश, उद्योग, व्यापारलगायत सबै क्षेत्रमा परेका छ । लाइन डिस्टर्बको समयमा विद्युत कार्यालयको टेलिफोन सेवा पनि अवरुद्ध हुने र आम जनताले पाउनु पर्ने सूचनाको हकबाट पनि बञ्चित हुने अवस्था सृजना भएको छ' शनिबार जारी विज्ञप्तीमा उल्लेख गरिएको छ । प्रदर्शन पछि वीरगंज वितरण केन्द्रका प्रमुखलाई ध्यानाकर्षण पत्र पनि बुझाइएको थियो ।

# नगर प्रमुख नकर्मीको अन्त्येष्टि




**काठमाडौँ ।**
कीर्तिपुर नगरपालिकाका प्रमुख राजकुमार नकर्मीको कीर्तिपुर दिखु घाटमा नेवारी परम्पराअनुसार अन्येष्टि गरिएको छ ।

उनको पार्थिव शरीरमा छोरा राहुल नकर्मीले दागबत्ती दिएका हुन् । अन्त्येष्टि अघि नगरप्रमुख नकर्मीको पार्थिव शरीरलाई श्रद्धाञ्जलीका लागि बर्खाहिटीस्थित नगर कार्यपालिका भवनमा राखिएको थियो । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, कांग्रेस उपसभापति धनराज गुरुङ, उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंह, स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल, सांसद राजेन्द्रकुमार केसीलगायत पार्टीका स्थानीय नेता तथा कार्यकताले दिवङ्गत नकर्मीप्रति श्रद्धाञ्जली व्यक्त गरेका थिए । नगरप्रमुख नकर्मीको बिहीबार राति उपचारका क्रममा वीर अस्पतालमा निधन भएको हो । विसं २०७९ मा भएको स्थानीय तह निर्वाचनबाट नकर्मी कीर्तिपुर नगरपालिकाको प्रमुखमा निर्वाचित भएका थिए ।

उनी लामो समयदेखि मिर्गौला रोगबाट पीडित थिए । नगरप्रमुख नकर्मीको जन्म २०२० असार २० गते कीर्तिपुर–३ मा भएको थियो । उनी २०४० सालदेखि नेपाल विद्यार्थी सङ्घ हुँदै नेपाली कांग्रेसको राजनीतिमा सक्रिय थिए । उनका श्रीमती, एक छोरा र एक छोरी छन् ।

यसैबीच नकर्मीको निधनको शोकमा आइतबार काठमाडौँ उपत्यकाका सबै नगरपालिकाकले सार्वजनिक विदा दिने भएको छ । काठमाडौँ उपत्यका मेयर्स फोरमले शुक्रबार एक विज्ञप्ति जारी गर्दै कीर्तिपुरका मेयर नकर्मीको निधनमा आइतबार उपत्यकाका सबै पालिकाहरुमा सार्वजनिक शोक विदा दिने निर्णय गरेको हो ।

# कक्षा १२ को नतिजा आगामी साता



**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को नतिजा आगामी साता सार्वजनिक गर्ने तयारी गरेको छ । हाल म्याचिङ र प्रोसेसिङको काम भइरहेको बोर्डले जनाएको छ । परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माले भने 'साउन तेस्रो हप्ताभित्र सार्वजनिक गर्ने हाम्रो तयारी छ । त्यही अनुसार काम भइरहेको छ ।' कक्षा १२ को परीक्षा गत वैशाखमा भएको थियो । परीक्षामा चार लाख ९६ हजार विद्यार्थी सहभागी भएका थिए । बोर्डका अनुसार नियमिततर्फ तीन लाख ९० हजार र ग्रेडवृद्धितर्फ एक लाख ६ हजार परीक्षार्थी रहेका छन् । देशभर एक हजार ५२५ परीक्षा केन्द्र र जापानमा एक परीक्षा केन्द्रमार्फत परीक्षा सञ्चालन भएको थियो ।




# सन्दीपविरुद्ध पुनरावेदन नगर्न आग्रह



**मधेशदृष्टि**
**वीरगंज ।**
क्रिकेटर सन्दीप लामिछानेविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन नगर्न आग्रह गर्दै गौशाला–२६ को नामबाट उच्च सरकारी वकिलको कार्यालय पाटनमा निवेदन परेको छ । क्रिकेटर सन्दीप लामिछाने मुछिएको बहुचर्चित बलात्कार मुद्दा उच्च अदालतबाट फैसला भएको हो । गत शुक्रबार मात्रै फैसलाको पूर्णपाठ सार्वजनिक भएको थियो । 'एक किशोरी आएर निवेदन छाडेकी हुन्, पीडित नै स्वयम आएकी हुन् कि अरु आएका हुन् हामीलाई थाहा भएन' उच्च सरकारी वकिलको कार्यालय स्रोतले भन्यो, 'यो मुद्दाको कारण मलाई अत्यन्त तनाव भयो, झेल्नै नसक्ने अवस्थामा पुगेँ । मैले उच्च अदालत पाटनको फैसला स्वीकार गर्छु । सर्वोच्च अदालतमा पुनरावेदन नगरिदिनुहोला भन्ने आग्रह सहितको व्यहोरा उल्लेख रहेछ ।' जिल्ला अदालतले क्रिकेटर सन्दीप लामिछानेलाई बलात्कार मुद्दामा दोषी ठहर गरी ८ वर्ष कैद फैसला गरेको थियो । जिल्लाले पीडितलाई नाबालिक भन्न नमिल्ने फैसला गरेको थियो । तर, उच्च अदालत पाटनले भने बलात्कारको वस्तुनिष्ठ प्रमाणको अभाव रहेको र पीडित नाबालिग नदेखिएको भन्दै लामिछानेलाई सफाइ दिएको थियो । उच्च अदालतको फैसला बदर गर्नुपर्ने मागसहित सरकारी वकिल र पीडित गौशाला २६ सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन लिएर जाने बाटो खुला छ । उच्च अदालतको फैसला सार्वजनिक भइसकेपछि उच्च सरकारी वकिलको कार्यालयमा निवेदन पेश भएको हो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन